# वलेफी हाइड्रोपावर लिमिटेडको
## विशेष साधारण सभाको बैठक

यस वलेफी हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिका अध्यक्ष श्री संजय कुमार साह ज्यूको अध्यक्षतामा देहायको स्थान, मिति र समयमा कम्पनीको विशेष साधारण सभाको बैठक सम्पन्न भयो । सभाले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न बमोजिम निर्णय गरीयो ।

१. सभा भएको स्थान मिति र समय :-
विशेष साधारण सभाको बैठक हुने स्थान :- रोयल एलिनाज रेष्टुरेन्ट प्रा.लि., मदन भण्डारी रोड, नयाँ बानेश्वर ।
मिति :- २०८१ साल आषाढ महिना २० गते
समय :- बिहानको ११:०० बजे

२. सभाको सूचना :- यस कम्पनीको मिति २०८१/०३/०४ गते बसेको संचालक समितिको निर्णय अनुसार सभा हुने स्थान, मिति, समय र विशेष साधारण सभामा पेश गरी छलफल गर्ने विषयहरु उल्लेख गरी मिति २०८१/०३/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको र सम्बन्धित शेयरधनीहरुको ठेगानामा सभाको सूचना पठाइएको व्यहोरा सभालाई अवगत भयो ।

छलफलका विषयहरु :-

१. संचालकहरुको नियुक्तिको सम्बन्धमा ।
२. कर्जा सुविधा स्विकृति गर्ने सम्बन्धमा ।
३. विविध ।
४. उपस्थिती सञ्चालज्युहरु (कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम

| | | | |
|---|---|---|---|
| १. | श्री संजय कुमार साह | – | अध्यक्ष |
| २. | श्री रितेश प्रधान | – | सञ्चालक |
| ३. | श्री बिदुर पुरि | – | सञ्चालक |
| ४. | श्री राजेन्द्र तिमल्सेना | – | सञ्चालक |
| ५. | श्री योगेश दारुका | – | सञ्चालक |
| ६. | श्री सुशान्त प्रधानाङ्ग | – | सञ्चालक(सर्वसाधारण) |
| ७. | श्री प्रकाश काफ्ले | – | सञ्चालक (स्वतन्त्र) |

५.उपस्थित शेयरधनी, गणपुरक संख्या तथा प्रतिशत :

| विवरण | कुल संख्या | स्वयं उपस्थित | जम्मा उपस्थित शेयरधनी संख्या | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| शेयरधनीहरु | १२५४१५ | ५६ | ६५ | ०.०५% |
| शेयर संख्या | १८२७९७०० | ५६४३६९१ | १२९८४६८७ | ७१.०३% |

Balephi Hydropower Ltd. 2012

६.सभाको वैधानिकता र सभाको सभापतित्वः

कम्पनी सचिवज्युले विशेष साधारण सभाको सूचना प्रकाशन सम्बन्धी जानकारी दिँदै कम्पनी ऐन २०६३ एवं कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभा संचालनको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानूनको परिपालना भई सोही ऐनको दफा ६९ बमोजिम सभाको वैधानिकता भएकोले सभाको अध्यक्षता गर्दै सभा संचालनका लागि संचालक समितिका अध्यक्ष श्री संजय कुमार साहज्यू लाई सभा शुरु गर्न अनुरोध गरीयो ।

७.सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुती : क) सभा अध्यक्षज्युको अनुमतिले कम्पनी सचिवज्युले कम्पनीका सञ्चालकज्युहरुलाई आसन ग्रहण गराउनु भयो । आसन ग्रहण पश्चात अध्यक्ष ज्यले स्वागत मन्तब्य व्यक्त गर्नु भयो ।

त्यसपछि अध्यक्षज्युले प्रस्तुत गर्नु भएको विशेष साधारण सभाको प्रतिवेदन उपर छलफल गर्न आफ्नो प्रश्न, जिज्ञासा, सुझाव तथा मन्तब्यका लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गरियो र निम्न शेयरधनी महानुभावहरुले आफ्नो जिज्ञासा, सुझाव तथा मन्तव्य राख्नु भयो ।

१) श्री डमरुबल्लभ घिमिरे
२) श्री उत्तम पाठक
३) श्री सुदीप श्रेष्ठ
४) श्री गोविन्द के.सी.
५) श्री निरुपमा गुप्ता
६) श्री ब्रह्मदेवी शाक्य
७) श्री इन्द्र प्रसाद लामिछाने
८) श्री सत्रुधन श्रेष्ठ
९) श्री ई. बैजनाथ रौनियार
१०) श्री युगल बसेल

८.छलफलको क्रममा व्यक्त भएका सुझाव तथा मन्तव्यको सारांश :

- हकप्रद शेयर कहिले जारी हुन्छ ।
- विशेष प्रस्ताव समर्थन ।
- बिशेष साधारण सभाको सफलताको शुभकामना ।

शेयरधनीहरुबाट जिज्ञासा, सुझाव तथा मन्तव्य व्यक्त भै सकेपछी सभाको अध्यक्षता गर्नु भएका सञ्चालक समितिका अध्यक्ष श्री संजय कुमार साह ज्यु तथा यस कम्पनका कार्यकारी अधिकृत श्री सुबास अर्याल ज्युले सो जिज्ञासा र सुझावहरुको लागि शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै समष्टिगत रुपमा जवाफ दिनु भयो ।
अध्यक्षज्युले सभामा उठेको प्रश्न, जिज्ञासा तथा सुझावहरुको जवाफ दिनु भए पश्चात सभाका विषयहरु निर्णयार्थ प्रस्तुत गरियो ।

९.सभाका निर्णयहरु (क)
सामान्य प्रस्ताव : निर्णय नं १

प्रस्ताव नं. १ उपर छलफल हुँदा यस कम्पनीको रिक्त रहेको अध्यक्ष तथा सञ्चालक पदमा मिति २०८०/१२/०४ र २०८०/१२/०६ गतेको सञ्चालक समितिको बैठकले बाँकी अवधिका लागि अध्यक्ष पदमा श्री संजय कुमार साह र सञ्चालक पदमा श्री राजेन्द्र तिमल्सेना, श्री ऋतेश प्रधान, श्री विदुर पुरी र श्री योगेश दारुकाज्यूहरुलाई नियुक्त गरिएको यस विशेष साधारण सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

Balephi Hydropower Ltd. 2012

निर्णय नं. २

प्रस्ताव नं.२ उपर छलफल हुँदा यस कम्पनीको १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्न मिति २०८०/१०/१० मा बसेको साधारण सभाले गरेको निर्णय बमोजिम सो को स्विकृतीका लागि विद्युत नियमन मा मिति २०८०/१०/१८ गते निवेदन पेश गरि मिति २०८०/११/०१ मा स्विकृती समेत आइसकेको र सो पश्चात नेपाल धितोपत्र बोर्डबाट स्विकृतिका लागि मिति २०८०/१२/०७ मा निवेदन दर्ता गरेको र सो निवेदन रुजूको प्रकृयामा रहेकाले हकप्रद शेयरबाट पूँजी प्राप्त नहुँदा सम्मका लागि कर्जा उपयोग गर्ने गरी रु. ४०,००,००,०००। (अक्षरुपी चालिस करोड मात्र) Bridge Gap Loan को लागि सहवित्तियकरण अगुवा बैंक श्री ग्लोवल आइ.एम.इ. बैंक लि.लाई अनुरोध गर्ने र पूर्व स्विकृत कर्जा र हाल प्रस्तावित कर्जाको जोड गरि हुन आउने जम्मा कर्जा सुविधा यस कम्पनीको चुक्ता पुंजि र संचित मुनाफाको जम्मा रकम भन्दा बढि हुने भएकोले सो को स्विकृति गर्ने समेत यस सभाले निर्णय गरियो ।

ग) विविध

अन्त्यमा, सभाका सभापतिले साधारण सभामा सहभागिता जनाउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विशेष साधारण सभा सम्पन्न गर्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै विशेष साधारण सभा समापन भएको घोषण गर्नु भयो ।

Balephi Hydropower Ltd. 2012